[REF]

# ह्वाइटफिल्ड इण्टरनेशनल कजेज

नयाँबजार, टाउनप्लानिङ, काठमाडौं

कक्षा : १२ पूर्णाङ्क : १००
विषय : नेपाली उत्तीर्णाङ्क : ४०
समय: ३ घण्टा

---

सबै प्रश्नको उत्तर दिनुहोस् ।

१. तल दिइएका वर्णहरुको प्रयत्न र घोषत्व छुट्याउनु होस् । ५
घ्, च्, न्, स्, ल् ।

२. तल दिइएका शब्दहरुको अक्षर संरचना र संख्या समेत देखाउनु होस् । ५
विशेष, सञ्चारिका, देश, नगरपालिका, झलझली ।

३. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ५
प्रीय सूनखानी तिम्रा अरु छोरा छोरीको खवर के छ तिनिहरु तिम्रो बक्षस्थलको तातोले नपुगेर शम्साँझैदखि बोतलभित्रको सिरकमा लपेटिएर हिड्छन रे ।

४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरुको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । ३
अरुको त के कुरा, आफ्नै पोष्य पुत्रमाथि पनि उनलाई भरोसा थिएन

५. तलको अनुच्छेदबाट दुई-दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी टिपोट गर्नुहोस् । २
कुनै समाचार वा सूचना एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम सञ्चार हो अनि विश्वको कुनै पनि कुनामा घटेका घटनाका बारेमा विश्वभर जानकारी गराई दिने रेडियो, टेलिभिजन, इन्टरनेट, समाचारपत्र, आदि सञ्चारका माध्यम हुन् ।

६. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । ६

क) तलको अनुच्छेदमा रहेका रेखाङ्कित शब्दहरुको निर्माण प्रक्रिया देखाउनु होस् ।
खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचिन विज्ञानका रुपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धिहरु प्राप्त भइ सकेका छन् । यस तर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रहमाण्डीय पिण्ड भन्दा अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ । स्पष्टत : अहिलेका खगोलविद्हरु ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको इतिहास केलाउन हो भने हामीले प्राचिन सभ्यतासम्म पुग्नै पर्छ ।

ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्धित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्धित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् ।
भाइमाराहरु आ-आफ्नो सुख प्राप्तिका लागि आराम कुर्सीमा बसी देशहितका कुरा गर्न पनि पछि पर्दैनन् । घरघरमा रहेका बुद्धिसुद्धि नभएका मानिसलाई समाज बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । यो चाला गाईजात्रा साइजात्रा जस्तै हो भने कर्तब्यनिष्ठ मानिसका अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न भएको छ । देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजका निर्लज्ज र दुईजिब्रे चरित्रका मानिसलाई कानुन बमोजिम नङ्ग्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आम जनताले सन्तोषको सास फेर्थे ।

ग) तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धिविच्छेद गर्नुहोस् ।
विद्यालय विद्यार्थीहरुको लागि ज्ञान आर्जन गर्ने मुख्य थलो हो । उनीहरुले विद्यालय नियमित गई महर्षि समानका गुरुहरुबाट जीवनोपयोगी एवम् व्यवहारिक ज्ञान आर्जन गरी आफ्नो भविष्य उज्वल बनाउने तर्फ यथेष्ट ध्यान दिनु पर्ने हुन्छ । यद्यपि हिजो आजका आधुनिक भनाउँदा विद्यार्थीहरुको चञ्चले मन पढाइतर्फ नगई सदैब मोबाइल, इन्टरने आदितर्फ आकर्षित हुनुलाई कदापि राम्रो मान्न सकिन्न । यसबाट न आफ्नो सन्तानको सुखद भविष्य देख्ने अभिभावकको उद्देश्य पुरा हुन्छ न देशको भविष्यमा उन्नतीको मार्गमा सही ढंगले पाइला चाल्न सक्छ ।

७. कुनै एक प्रश्नहरुको उत्तर दिनुहोस् । ६

क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् ।
ऊ पोखरा बस्छ । ऊ विद्यालयमा पढाउँछ । उसकी एउटी महिला साथी छे । ऊ संस्थानमा काम गर्छे । ऊ आफ्नी महिला साथीलाई बैङ्कक घुम्न जाने प्रस्ताव गर्छ तर ऊ मान्दिन ।

ख) वाक्य ढाँचा सहित एक वचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् :
विद्यार्थीहरु दार्जिलिङ घुम्न गएका थिए । त्यहाँ विदेशी पर्यटक पनि आएको रहेछ । उसले दार्जिलिङभन्दा त नेपालै राम्रो छ भन्यो । विद्यार्थीहरु झसङ्ग भए । विद्यार्थीहरुले स्वदेशी पर्यटनलाई महत्व दिनुपर्ने कुरा बुझे। त्यो पर्यटक छक्क पार्‍यो ।

८. तलका प्रश्नको उत्तर दिनुहोस् । ६

क) भूतकालका अज्ञात पक्षका क्रियाहरुको प्रयोग गरी तपाईको क्याम्पसमा भएको नव आगन्तुक विद्यार्थीहरुलाई गरिएको स्वागत कार्यक्रमको वर्णन गर्नुहोस् ।

ख) तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् ।
मेरो बहिनी धनकुटा बस्छ । मेरो भतिजो चाहि विराटनगरमा बस्छन् । तपाई धनकुटा जान्छस् ? म पनि बहिनी भेट्न धनकुटा जादैछ । हामी दुबै संगै जाला ।

९. तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । १०
सहकारी नीति गरिबमुखी नभएसम्म सहकारी आन्दोलनले गरिबलाई केही फाइदा दिदैन । यसका लागि सहकारी नीति गरिबलाई आकर्षण गर्ने र गरिबमुखी हुनु पर्छ । साना र छरिएका सहकारी भन्दा गाविस स्तरका सक्षम सहकारी संस्था हुनु आवश्यक छ । त्यसर्थ समूह बनाएर काम गर्ने प्राय: सबै निकायहरु एउटै गाविसमा छुट्टाछुट्टै समूहलाई सहकारी संस्थामा दर्ता गरेर गाविसभरि कमजोर किसिमको सहकारी संस्थाको संख्या बढाएर सहकारीप्रति बहुसंख्यक गरिब, असहाय समुदायको नकारात्मक धारणा आउन दिन चाहँदैनन् । उनीहरु सबैको प्राय: एउटै चाहना छ । एउटा गाविसमा सबै समूहको प्रतिनिधित्व भएको एउटा दह्रो सहकारी संस्था बनाउने र साना-साना समूहले आफ्नो क्षमता अनुसार सेयर लिने, आय आर्जनको काम गर्ने, मुनाफा वितरण गर्ने किसिमका सहकारी संस्था गठन गरी ती मार्फत काम गर्ने । यसो गर्दा समुदायका सक्षम सदस्यहरुले असहायका निमित्त पनि काम गर्ने वा असहायप्रतिको उनीहरुको सामाजिक जिम्मेबारी पनि बढ्ने गर्छ । उनीहरु असहायको जिम्मेवारी लिन तयार हुन्छन् र

बहुसंख्यक असहाय, गरिब, पहूँचहीन व्यक्तिहरुले पनि सहकारी आन्दोलनबाट वास्तविक फाइदा लिन सक्छन् । यसरी बनेका सहकारीमा गरिब, धनी सबैको समान प्रतिनिधित्व हुन्छ । सहकारी कार्यालयले सबै सहकारीलाई सुपरीवेक्षण र प्राविधिक सहयोग पुऱ्याउन सक्छन् । स्थानीय निकाय र दातृसंस्थाले पनि यस्ता सहकारी मार्फत गरिबी निवारणमा लगानी गर्न सक्छन् र गरिबी निवारणमा प्रत्यक्ष संस्थागत सहयोग हुन सक्छ । गरिबहरुको सहकारी प्रतिको आस्था र आकार्षण बढ्छ र गरिवीहरुले विस्तारै निजी सेयर पनि लिन तयार हुन्छन् तर उनीहरु सबैले छुट्टाछुट्टै सेयर लिएर सहकारी खोल्नै सक्दैनन् । खोली हाले पनि उनीहरुकै सहकारी संस्था चल्न नसकेर उनीहरुको रकममा समेत हिनामिना भएर सहकारी प्रति उनीहरुको चाख कम हुन्छ । त्यसैले उनीहरुले सानो पूँजी र रकम एकीकृत गरेर सक्षम व्यक्तिहरुसँग सामूहिक रुपमा सेयर लिएर सक्षमहरुसँगै हातेमालो गरेर लैजाँदा उनीहरुप्रतिको जिम्मेवारी बढ्छ । यसको एउटै उपाय हो; गरिबहरु समेटिएका साना-साना समूहले प्रतिनिधि पठाएर सेयर लिन सक्ने सहकारी गठन हुनु । गरिबले छुट्टै सेयर लिन सक्दैन र चन्दैन ।

प्रश्नहरु

क) सहकारी नीति कस्तो हुनु पर्दछ ?

ख) गाविसका गरिबहरु कस्तो प्रकारको सहकारीको अपेक्षा राख्छन् ?

ग) गाउँलेहरुले सहकारी आन्दोलनबाट वास्तविक फाइदा कसरी लिन सक्छन् ?

घ) गाउँका गरिबहरुले को-सँग किन छुट्टाछुट्टै सेयर लिएर सहकारी संस्था खोल्न सक्दैन् ?

ङ) 'आय आर्जन' र 'गरिबमुखी' शक्दहरुको अर्थ के हो?

१०) प्रश्न नं ९ मा दिइएको अनुच्छेदको संक्षेपीकरण गर्नुहोस : ५

११) काठमाडौंमा बसिरहको बेला आफ्नो दैनिक खर्चका साथै अध्ययन खर्च समेत सकिएको भन्दै खर्च पठाइदिन अनुरोध गर्दै गाउँमा बस्ने बुबालाई पत्र लेख्नुहोस् । ५

१२) कुनै एक शब्दमा ३०० शब्द सम्मको निबन्ध लेख्नुहोस् । १०

क) हाम्रो संस्कृति: हाम्रो पहिचान

ख) नेपालमा बढ्दो बेरोजगारी समस्या

ग) मेरो भविष्य

१३) 'मानुषी' कविताको मूलभाव लेख्नुहोस् ।

१४) तलका प्रश्नको उत्तर दिनुहोस् । १५

क) तलका कथांश पढी सोधिएका प्रश्नहरुको एक-दुई वाक्यमा उत्तर दिनुहोस् ।

नभन्दै त्यसको भोलिपल्ट बेलुकी आमाले मेरो हातमा घोडा ल्याएर दिनुभयो - सानो सानो निरपानी रङ्गको सुन्दर वायुपङ्खी घोडा तर प्लाष्टिकको । मेरो मन केही खिस्रिक्क भयो । ख्याल ख्यालको गौरीसँग बाइस्कुल नै त छ नि । तर तत्कालै मेरो मनमा अभिमान आयो-कहाँको घोडा कहाँ त्यस्तो जाबो बाइस्कल । अब रह्यो साँच्चिको र ख्याल ख्यालको । साँच्चिको घोडा त ऊ, त्यो बादलमाथिको सहर मा पो छ, जसलाई म भोलिपर्सि ठुलो भएपछि गएर ल्याउँछु । अहिले त म केटाकेटी न छु, यसले भइहाल्छ नि ।

प्रश्नहरु

क) घोडा किन्ने परिस्थिति सृजना हुनाको कारण के हो ?

ख) आमाले घोडाको मार्फत कसलाई झिकाइ दिनु भएको हो ?

ग) गौरी र शंकरसँग कुन-कुन खेलौना छन् ?

घ) बादलमाथिको घोडा ल्याउनु भनेको के हो ?

ङ) यहाँ गौरी र शंकरबीच के कस्ता भिन्नता देखाइएको छ ?

ख) तलको गीति अंश पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस :

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको,<br>
माटो र पानी पहिलो धन धर्तीका छोराको<br>
ए कहाँबाट हेरौंला संसार सन्भ्याले नरहे<br>
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

प्रश्नहरु

अ) तराईलाई 'सुनको टुक्रा' भन्नुको तात्पर्य के हो ?

आ) 'धर्तीका छोरा' भनेर कसलाई भनिएको हो ?

इ) 'माटो' र 'पानी' पहिलो धन कसरी हुन सक्छ ?

ई) 'ए कहाँबाट हेरौला संसार सन्भ्याले नरहे' भन्नुको आशय के हो ?

उ) नेपाल नरहे नेपाली किन रहँदैन ?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

आकर्षण शक्तिको सिद्धान्त भलाद्मी उपर घट्छ । भलाद्मीको नजिकमा एउटा नदेखिने चुक्बकले तान्दछ । जबसम्म तिमी भलाद्मीहरुको छायामा रहन्छौं तबसम्म तिमी आफूलाई मानिस भन्नमा दोधार रहन्छौं । तिम्रो आदर या प्रशंसा उनका तर्फ खिचिएको हुन्छ । उनका गफलाई तिमी सफेद सत्य भनी ठान्छौं । फेरि उनीहरुको मोहनीबाट पचास गज पर नभईकन तिमीलाई साँचो कुरा फुल्किदैन । अझ यस्तो शक्तिले स्त्री जातिको उपर ज्यादा काम गर्छ । आकार्षक शक्तिको नियम अनुसार भिन्न वस्तुहरु परस्पर खिचिन्छन् ।

प्रश्नहरु

क) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको छ ?

ख) यहाँ कस्ता भलाद्मीका बारेमा चर्चा गरिएको छ ? पाठका आधारमा स्पष्ट गर्नुहोस् ?

ग) भलाद्मीका नजिक परेपछि किन मानिसले आफूलाई मानिस ठान्न हिच्किचाउँछ ?

घ) भलाद्मीको गफ कतिबेला सत्य होइन भन्ने बुझिन्छ ?

ङ) 'आकर्षण शक्तिको नियम अनुसार भिन्न वस्तुहरु परस्पर खिचिन्छन्' भन्नाको तात्पर्य के हो ? छोटो तर्क प्रस्तुत गर्नुहोस् ।

१५) दिइएको बुँदामा आधारमा एक अनेच्छेद लेखी उपयुक्त शीर्षक समेत दिनुहोस् । ३

बुदाँहरु

- आधी आकाश ओगट्ने महिला समुदाय आर्थिक, राजनैतिक, शैक्षिक र साँस्कृतिक क्षेत्रहरुमा उपेक्षित
- महिलाहरुको सक्रिय सहभागिता विना सामाजिक उत्थान सम्भव नहुने
- परम्परा र संस्कारका कारण महिलाहरु पछि परेका
- सामाजिक विभेद महिला उत्थानमा बाधक
- सामाजिक तथा कानुनका दृष्टिले महिला सशक्किरणको आवश्यकता

१६) 'छिमेकी' कथामा गाउँले जीवनको कस्तो चित्रण गरिएको छ ? प्रतिक्रिया लेख्नुहोस् । ४

समाप्त

[REF]

# ह्वाइटफिल्ड इण्टरनेश्नल कजेज

नयाँबजार, टाउनप्लानिङ, काठमाडौं

कक्षा : १२ पूर्णाङ्क : १००

**विषय : नेपाली** **उत्तीर्णाङ्क : ४०**

**समय: ३ घण्टा**

---

सबै प्रश्नको उत्तर दिनुहोस् ।

१. तल दिइएका वर्णहरुलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनु होस् । ५

क्, स्, ल्, फ्, थ् ।

२. तल दिइएका शब्दहरुको अक्षर संरचना र संख्या समेत देखाउनु होस् । ५

कन्यादान, स्त्री, अन्याय, मूला, कृति ।

३. शुद्द गरी पुनर्लेखन गर्नुहोस् । ५

गूमाने ले जान्ने वसायो । गाउका सारा मानीस जम्मा भय । तरे करेसो जोडिएको धनजिते आएनन् । जान्नेले पनी देवीको दोस देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गऱ्यो ।

४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरुको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । ३

मुरली त्यसै छेउमा मिल्कि रहन्थ्यो तर उठाएर त्यसमा प्राण भर्ने इच्छा हुँदैनथ्यो । गौरी आइन । मुरलीको स्वरले पनि ऊ आइन ।

५. तलको अनुच्छेदबाट दुई-दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी टिपोट गर्नुहोस् । २

एक किलो मासु उत्पादन गर्न दस किलो शाकाहारी भोजन खपत हुन्छ, अर्थात एक धनी मांसहारी मान्छेले सागपात, दुध दही, घिउ जस्ता खानेकुरामा मात्र निर्भर दस जना शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ?

६. तलका प्रश्नको उत्तर दिनुहोस् । ६

क) तलको अनुच्छेदबाट ३ वटा उपसर्ग व्युत्पन्न शब्द र ३ वटा प्रत्यय व्युत्पन्न शब्द पनि छुट्याउनु होस् र उपसर्ग र प्रत्यय पनि छुट्याउनु होस् ।

आफ्ना आदरणीय मानिससँग सधैं आत्मीय व्यवहार गर्नु पर्छ । सुमार्गमा लाग्ने मानिस कर्तव्यबाट विमुख हुँदैनन् । धैर्य धारण गर्दै अगाडि बद्छन् । बेमतलबका कुरा र अविश्वासका कुरामा पछाडि लाग्दैनन् ।

ख) तलको अनुच्छेदबाट ३ वटा समस्त शब्द र ३ वटा द्वित्व शब्द खोजी समस्त शब्दलाई बिग्रह गर्नुहोस् र द्वित्व शब्दको दोहोरिएको अंश छुट्याउनु होस् ।

भाइमाराहरु आ-आफ्नो सुख प्रातिका लागि आराम कुर्सीमा बसी देहहितका कुरा गर्न पनि पछि पर्दैनन् । घरघरमा रहेको बुद्विसुद्वि नभएका मानिसलाई समाज बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । यो चाला गाइजात्रा साइजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसका अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न हुन्छ । देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजमा निर्लज्ज र दुईजिब्रे चरित्रका मानिसलाई कानुन बमोजिम नङ्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आम जनताले सन्तोषको सास फेर्दथे ।

७. कुनै एक प्रश्नहरुको उत्तर दिनुहोस् । ६

क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा आवश्यक सुधार सहित परिवर्तन गर्नुहोस् ।

ऊ ज्ञानी केटी हो । जसले असल काम गरेको छ । ऊ साथीहरुसँगै राम्रो व्यवहार गर्छ । ऊ साथीहरुलाई सम्मान गर्छ । उसका थुप्रै केटी साथीहरु छन् । केटी साथी भनेपछि ऊ हुरुक्क हुन्छ ।

ख) तल दिएको अनुच्छेदलाई वाक्य दाँचा सहित सामान्य भ-कालमा परिवर्तत गर्नुहोस् ।

हामी सबेरै उठ्छौं र शंकरेश्वर महादेवको मन्दिर जान्छौं । त्यहाँ वितलव आरुसुवारा र दधिपुरका मानिसहरु पूजा गर्न आउँछन् । केही मानिसहरु कोट स्कुलतिर गएर विद्यालयका विद्यार्थीहरुको रमिता हेर्छन् । म चाहिं आफ्नो पूजा सिध्याएर घरतिर फर्कन्छु । घरमा आएर आराम गर्छु ।

८. तलका प्रश्नको उत्तर दिनुहोस् । ८

क) तलको अनुच्छेदमा भएका वाक्यहरुलाई आवश्यक परिवर्तत सहित करण र अकरणमा परिवर्तत गर्नुहोस् ।

आर्जव, तोयाराज, बाबुराम र सुदिना एउटै कक्षामा पढ्थे । उनीहरु सधैं कलेज जान्थे । आर्जव ज्यादै मिलनसार थियो । तोयाराज अति चकचक गऱ्थ्यो । सुदिना कहिल्यै गृहकार्य गर्दिनथी । गुरुले सुदिनालाई सधैं सम्झाउनु पर्थ्यो । बाबुराम कक्षामा पटक्कै हल्ला गर्दैनथ्यो । गुरु बाबुरामलाई कहिल्यै गाली गर्नु हुदैनथ्यो ।

ख) तलको वाक्यलाई एउटै वाक्यमा संश्लेष्ण गर्नुहोस् ।

शंकर गौरीको घरमा खेल्न गयो । शंकरले त्यहाँ गौरीको खेलौना घोडा देख्यो । आफ्ना बाबुआमासँग उसले घोडा किनीमाग्यो । घोडा लिएर ऊ गौरीको घरमा गयो।

९. तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । १०

आकाशमा प्रकाशमान सूर्यादि ग्रह, नक्षत्रहरुको अध्ययन गर्ने शास्त्रलाई नै ज्यातिष शास्त्र भनिन्छ । ज्योतिषको मूल स्रोत वेद हो । वेदका षडङ्गाहरु शिक्षा, कल्प, व्याकरण, छन्द, ज्योतिष र निरुक्त मध्ये ज्योतिष नेत्र मानिन्छ । सिद्वान्त, संहिता ज्योतिष र फलित ज्योतिष गरी ज्योतिष तिन किसिमका छन् । सिद्धान्त ज्योतिषलाई गणित ज्योतिष पनि भनिन्छ । यसले पञ्चाङ्गको निर्णय साथै सूयादि ग्रहको राशी भ्रमण, कक्ष प्रमाण अक्षाँश, देशान्तर, अयनाश ग्रहण आदि विषयको अध्ययन गर्दछ ।

समग्रमा सम्पूर्ण खगोल सम्बन्धी अध्ययन गर्ने शास्त्र नै सिद्धान्त ज्योतिष हो ।

ज्योतिषमा तिनवटै शाखाहरुलाई समावेश गरी विस्तृत रुपमा एउटै ग्रन्थमा व्याख्या विवेचना गरिएपछि संहिता ज्योतिष बन्दछ । यसलाई केही पाइचात्य विद्वानहरुले लक्ष्मण ज्योतिष पनि भनेका छन् । संहिता ज्योतिषमा विशेष गरेर प्राकृतिक लक्षण सम्बन्धी विषयहरुको अध्ययन गरिन्छ । सामान्यतः संहिता ज्योतिषमा ग्रहहरुको भ्रमण, प्रकृति, विकृति, प्रमाण, वण, किरण, उदयास्त, मार्ग वक्र, युद्व, समागम आदि विषयका आधारमा पुल विवेचन गरिन्छ । त्यस्तै वर्षा सम्बन्धी विचार, परिवेश, उल्का दिउदाह भूकम्प आदि विषयहरुको विचार, वास्तु विद्या सम्बन्धी विचार प्रतिभा लक्षण, देव प्रतिष्ठान वृक्षानुर्वेद आदि विषयको विचार भूमि जल सम्बन्धी ज्ञान गर्ने प्रविधि विभिन्न उत्पातका लक्षणहरु सहित फल, पशुपंक्षीहरुको शुभाशुभ लक्षण तथा फल; स्त्री-पुरुष शुभाशुभ लक्षण, रत्नहरुको परीक्षण गर्ने प्रविधि, शुभ सकुन विचार आदि विषयहरुको विस्तृत विवेचना यसमा गरिएको हुन्छ ।

मानव जीवनमा जन्मदेखि मृत्युपर्यन्त कहिले के हुन्छ भन्ने कुरको रहस्योद्घाटन गर्ने ज्योतिषीय ग्रन्थलाई फलित ज्योतिष भनिन्छ । कतैकतै यसलाई जातक शपत्र पनि भनेको पाइन्छ । लग्नका आधारमा ग्रन्थहरुका स्थिति अनुसार शुभाशुभ भलको निर्णय पनि यसले गर्दछ । फलित ज्योतिषका विभिन्न शाखाहरु छन् जस अन्तर्गत हस्तरेखा र शारीरिक लक्षण सम्बन्धी अध्ययन गर्ने सामूहिक शास्त्र लग्नका आधारमा फलादिश गर्ने जातक शास्त्र वर्ष प्रवेशका आधारमा सम्पूर्ण वर्षभरिको

शुभाशुभ फलहेर्ने ताजिक शास्त्र, विभिन्न प्रश्नहरुको तत्काल उत्तर दिने प्रश्नशास्त्र आदि विषयहरु पुलित ज्योतिष अन्तर्गत पर्दछन् ।

प्रश्नहरु

क) ज्योतिषले के गर्दछ ?

ख) वेदका कति वटा अङ्ग छा् ? ती के-के हुन् ?

ग) मान्छेको भविष्यवानी गर्ने ज्यातिषलाई के भनिन्छ ?

घ) संहिता ज्यातिष भनेको के हो ?

ङ) 'प्रभाव' र 'खगोल' शब्दको अर्थ लेख्नुहोस् ।

१०) तलको अनुच्छेद पढी मुख्य-मुख्य ५ बुँदा टिपाट गर्नुहोस् । ५

आदिम मनुष्य बोल्न जान्दैनथे । पुरा पाषाणयगी, मानिसहरुका चित्र पाइएका छन् । उनीहरुले बोलचाल गरेको र अक्षर लेखेको लक्षण पाइउको छैन । पहिले ती सानसानैले कुरा गर्दा हुन् । सानभाष स्वर भाषाभन्दा सार्वभोम छ । आर्यहरु, हब्सीहरु, चिनियाँहरु आ, जा, नगर, आ, हो, होइन इत्यादिमा सान भाष प्राय: एकै रीतले प्रयोग गर्दछन् । स्वर भाषामा महादिप जत्रै उनमा अन्तर छ । पहिले पहिले ती भिन्न भिन्न सुरले रागात्मक रुपमा कराई अनुकरण शब्दहरुद्वारा भाव प्रकट गर्दा हुन । नियमित आकास्मिकताले बोल्ने स्वरतली मानिस, सुगा र मैनाले पाएका छन् । सुगा र मैनाका गिदी चरामध्येमा पनि ज्यादै कम छ । बाँदर र कुकुरले सुगा र मैनाका स्वरनली पाएका भए उनीहरु मानिससित केही बात मार्न सक्ता हुन् । बोलिसित बुद्धिको कति सम्बन्ध छ - बोल्न नसक्नेहरु लाटा नै हुन्छन् । अहिले चिची पनि पापा पनि भने झैं गिदी पनि स्वर पनि अथवा भाव पनि भाष पनि विशेष मात्रामा पाउनाले मानिस चक्रवर्ती भएको छ ।

११) 'राष्ट्र निर्माणमा युवाको भूमिका' शीर्षकमा १५० वटा शब्द सम्मको एउटा टिप्पणी लेख्नुहोस् । ५

१२) आउँदै गरेको बडा दशैंमा घर आउने तर त्यतिबेला सम्मको पढाई खर्च माग्दै भोजपुर बजारमा बस्ने बाबुलाई पत्र लेख्नुहोस् । ५

१३) कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाइ निबन्ध लेख्नुहोस् । १०

क) नेपालमा बढ्दो बेरोजगारी समस्या

ख) प्राकृतिक र सांस्कृतिक विविधताले युक्त देश नेपाल

ग) आफूले पढ्दै गरेको कलेज

१४) कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । १०

क) तल दिइएको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको एक-दुई वाक्यमा उत्तर दिनु होस् ।

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको<br>
माटो र पानी पहिलो धन धर्तीका छोराको<br>
ए कहाँबाट हेरौंला संसार सन्झ्यालै नरहे !<br>
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे !

प्रश्नहरु

क) हाम्रो देशको तराई खण्डलाई किन सुनको टुक्रा भनिएको हो?

ख) हिमाललाई किन हिरासंग तुलना गरिएको छ ।

ग) 'धर्तीका छोरा' भनेर कसलई संकेत गरिएको छ?

घ) माटो र पानी धर्तीका छोरालाई कसरी पहिलो धन हुन्छ?

ङ) यहाँ सैझ्याल भन्नाले के बुझिन्छ ?

ख) तलको कर्थाश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गो भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरु

क) यो कुराको भनाइ के हो?

ख) झगडाको कारण के देखिन्छ?

ग) यो भनाइ को संग भनिएको हो?

घ) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुँदैन?

ङ) 'अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौं' भन्नको तात्पर्य के हो?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबै जसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हाँस्याउनेहरु साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरु नै हुन् ।

प्रश्नहरु

क) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

ख) आधुनिक युवाहरुमा स्त्री-पुरुषका विचारमा कस्तो दृष्टिकोण रहेको छ ?

ग) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्वीर प्रस्तुत भएको छ ?

घ) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

ङ) 'हक' र 'हौस्याउने' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

१५) 'हर्क बहादुर' कविताका आधारमा हर्क बहादुर विवशताहरुको सूची बनाउनु होस् । १०

अथवा

'चरित्रका भलादमी, अतीतका अँध्यारा कोठरीमा छन्, रङ्ग र रेशमका भलादमी काठमाडौं गल्लीमा खुसबुँ उडाइरहेछन्' यस भनाइबारे आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

१६) लोककथामा मधुकर र मालतीको त मिलन भयो तर, 'मधुमालतीको कथा' मा शंकर र गौरीको चाहिँ किन विछोड भएको होला? प्रतिक्रिया लेख्नुहोस् । ५

सफलताको लागि शुभकामना ! ! !

[REF]

# ह्वाइटफिल्ड इण्टरनेशनल कजेज

नयाँबजार, टाउनप्लानिङ, काठमाडौं

कक्षा : १२ पूर्णाङ्क : १००

विषय : नेपाली उत्तीर्णाङ्क : ४०

**समय: ३ घण्टा**

(विद्यार्थीले उत्तर दिंदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हु-बहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढंगमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नु पर्दछ र अंक दिंदा यस्ता उत्तरलाई प्रोत्साहन दिइनेछ ।)

सबै प्रश्नको उत्तर दिनुहोस् ।

१. तल दिइएका वर्णहरुलाई घोषत्व र प्राणत्व आधारमा चिनाउनु होस् : ५

क्, स्, ल्, फ्, थ् ।

२. तल दिइएका शब्दहरुको अक्षर संरचना देखाएर संख्या समेत लेख्नुहोस् : ५

बुँदा, अन्याय, विद्यालय, मान्यजन, सुपुत्र

३. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

गूमाने ले जान्ने वसायो । गाउका सारा मानीस जम्मा भय । तरे करेसो जोडिएको धनजिते आएनन् । जान्नेले पनी देवीको दोस देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गऱ्यो ।

४. रेखाङ्कित पदहरुको पदवर्ग छुट्याउनुहोस् : ३

मुरली त्यसै छेउमा मिल्कि रहन्थ्यो तर उठाएर त्यसमा प्राण भर्ने इच्छा हुँदैनथ्यो । गौरी आइन । मुरलीको स्वरले पनि ऊ आइन ।

५. तलको अनुच्छेदबाट दुई-दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी टिपोट गर्नुहोस् : २

प्रदीपले आफ्नो जीविकाका लागि सहरमा पसल खोलेर व्यापार गर्ने निर्णय गरेको छ । पोस्टर र पोसाकबाट आयआर्जन गर्ने उसको लक्ष्य छ।

६. तलका प्रश्नको उत्तर दिनुहोस् । ६

क) तलका उपसर्ग र प्रत्यय लगाएर गरी दुई-दुई ओटा शब्दहरु बनाउनुहोस् :

उपसर्ग:- अनु, दुस्, उप

प्रत्यय:- इलो, ओट, तव्य

ख) तलको अनुच्छेदबाट ३ वटा उपसर्ग व्युत्पन्न शब्द र ३ वटा प्रत्यय व्युत्पन्न शब्द छुट्याउनु होस् :

आफ्ना आदरणीय मानिससँग सधैं आत्मीय व्यवहार गर्नु पर्छ । सुमार्गमा लाग्ने मानिस कर्तव्यबाट विमुख हुँदैनन् । धैर्य धारण गर्दै अगाडि बढ्छन् । बेमतलबका कुरा र अविश्वासका कुरामा पछाडि लाग्दैनन् ।

७. कोष्ठकमा दिइएका निर्देशनका आधारमा खाली ठाउँ भर्नुहोस् : ७

क) अखबारमा समाचार प्रकाशित .................. । (हु : अज्ञात भूत)

ख) म सधैं क्याम्पस .................. । (जा : अभ्यस्त भूत)

ग) बाबुलालले पुस्तक .................. । (किन् : पूर्ण भूत)

घ) रमेशले लोकगीत .................. । (गाउ : सामान्य भूत)

ङ) दोर्जे र लाक्पा घर .................. । (आउ : अपूर्ण भूत)

च) वीरमानले बाख्रापालन .................. । (गर् : पूर्ण भूत)

छ) साथीहरु फुटबल .................. । (खेल् : अभ्यस्त भूत)

८. तलको अनुच्छेद पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् : १०

पत्रकारिता सूचना हो । यो सञ्चार हो किनभने यसले विश्वका कुनै पनि घटनालाई सीमित शब्द, ध्वनि, तस्बिर वा दृश्यमा छनौट गरेर सधैं नयाँ कुरा जान्न चाहने वा जिज्ञासा शान्त पार्न उत्सुक रहने मानवीय स्वभावलाई सन्तुष्ट पार्न विभिन्न प्रविधिको प्रयोग गरी नियमित रुपमा जनमानसमा सन्देश प्रवाह गर्ने प्रकृयालाई जनाउँछ । पत्रकारिताले सूचना सङ्कलन, सम्पादन, प्रस्तुतीकरण, प्रसारण वा विवरण गर्ने सबै प्रक्रियालाई समेट्छ । समाजलाई सुसचित गर्ने, शिक्षित पार्ने, अभिप्रेरित गर्ने र मनोरञ्जन दिने काम पत्रकारिताले गर्दछ । यसले समाजका हरेक गतिविधिलाई नियाली रहेको हुनाले यसलाई समाजको ऐना पनि भनिन्छ । राज्यका तीन प्रमुख अङ्गले आ-आफ्नो क्षेत्राधिकारमा रहेर राष्ट्रको सेवा गरिरहेका हुन्छन्  तर ती सबैलाई पत्रकारिताले निगरानी गर्ने हुनाले यसलाई राज्यको चौथो अङ्ग मान्ने गरिएको छ । पत्रकारिता अखबार, म्यागेजिन, रेडियो र टेलिभिजनमा मात्र सीमित नरही विभिन्न माध्यममा उत्तिकै लागू हुन्छ ।

प्रश्नहरु:-

क) पत्रकारिता भनेको के हो?

ख) पत्रकारिता के-के गर्दछ?

ग) के लाई समाजको ऐना भनिन्छ र किन?

घ) पत्रकारितालाई राज्यको चौथो अङ्ग मान्नुको कारण के हो?

ङ) 'निगरानी' र 'जिज्ञासा' शब्दको अर्थ के हो?

९) तलको अनुच्छेद पढी मुख्य-मुख्य पाँच बुँदा टिपोट गर्नुहोस् : ५

नेपाली राष्ट्रियता कुनै एउटा जाति विशेष शक्तिशाली राजा वा लोकप्रिय नेताको बलले स्थापित र विकसित भएको होइन । हाम्रो भूमिको प्रचूर प्राकृतिक सम्पदा, जैविक विविधता, समशीतोष्ण जलवायु र पूर्वी गोलार्द्धको मुख्य विन्दुका कारण भौगोलिक विविधता जस्ता विशेषता बोकेको छ । भुगोलको नक्सामा चारैतिरबाट स्केलले नाप्नोस- हाम्रो देश एसिया, अफ्रिका, युरोप र अष्ट्रेलियाको ठीक मध्य भागमा विश्वको सबभन्दा अग्लो गजुर सगरमाथाको शिर ठाडो पारेर सानदार ढंगले उभिएको छ । हाम्रो पूर्वतिर मङ्गोल संसार छ हेर्नुहोस्, एकै खाले अनुहार । पश्चिमतिर हेर्नुहोस चुच्चो नाके गोरो संसार, नैत्रदत्य र आग्नेयमा श्याम वर्णको निग्रो जगत् । दक्षिणतिर हेर्नोस - द्रविण भूमि । एउटै सानो देशमा चारै प्रगतिको बहुरङ्गी, सदाबहार प्रदर्शनी देखाउँछौं हामी । माघको जाडोमा आउनुहुन्छ भने तराईको ज्यानो लुम्बिनी र जनकपुर आदिमा स्वागत गर्छौं, गर्मीमा पान्नुहुन्छ भने माछापुच्छ्रे र सगरमाथाको शीतल काखमा सेवा गर्छौं । अरु जुनसुकै मौसममा आउनुहोस्, महाभारत र चुरेको बस्ती र नगरहरुमा सर्वत्र स्वागत छ ।

१०) 'विद्यार्थी जीवनमा अनुशासनको महत्व' शीर्षकमा १५० शब्द सम्मको अनुच्छेद लेख्नुहास् । ७

११) निम्न मध्ये एक शीर्षकमा ३०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : १०

क) मेरो जीवनको लक्ष्य

ख) जलसम्पदा

ग) पर्यटन

१२) तलका प्रश्नहरुको उत्तर दिनुहोस् : १०

क) तलको गीतको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न

पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
विम्झौंला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

<u>प्रश्नहरु</u>

क) 'आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न' भन्नुको तात्पर्य के हो?
ख) पुर्खाको पौरखी पाइला किन मेटिन्न?
ग) पूर्वको पहिलो उज्यालोले कुन कुराको बोध गराउँछ ?
घ) गीतको यस अंशमा नेपालका के-कस्ता विशेषताको संकेत पाइन्छ ?
ङ) यस गीति अंशको मुख्य भाव के हो?

ख) तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

"इस्, छिमेकी ! अष्टि चौतारामा झन्नैले मारेठ्यो, ठा पाउलास् ।"

"यस्तै हो मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो? एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्न हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेको छौ? मोटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो संसार भरै भरमा अडेको छ । यो भरको तौदो छिन्ने वित्तिकै सबै भताभुङ्ग हुन्छ ।

<u>प्रश्नहरु</u>

क) माथिका भनाइ क-कसका हुन्?
ख) यो भनाइ कुन सन्दर्भमा आएको हो?
ग) झगडा नहुने कारण के हुन सक्दछ? स्पष्ट पार्नुहोस् ।
घ) माथिको पहिलो भनाइमा वक्ताको कस्तो आशय प्रकट भएको छ ?
ङ) "एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीं गोडा लाग्छ नाइँ" भन्नाको खास तात्पर्य के हो?

१३) 'चरित्रका भलादमी, अतीतका  अँध्यारा कोठरीमा छन्, रङ्ग र रेशमका भलादमी काठमाडौंका गल्लीमा खुसबुँ उडाइरहेछन्' यस भनाइबारे आफ्नो प्रतिक्रिया लेख्नुहोस् । १०

१४) लोककथामा मधुकर र मालतीको त मिलन भयो तर, 'मधुमालतीको कथा' मा शंकर र गौरीको चाहिँ किन विछोड भएको होला? प्रष्ट पार्नुहास् । ५

१५) "छिमेकी भनेका जिउँदाका जन्ती, मर्दाका मलामी हुन्" छिमेकी कथाका आधारमा पुष्टि गर्नुहोस् । १०

"समाप्त"

[REF]

# ह्वाइटफिल्ड इण्टरनेश्नल कजेज

नयाँबजार, टाउनप्लानिङ, काठमाडौं

कक्षा : १२ पूर्णाङ्क : १००

विषय : नेपाली उत्तीर्णाङ्क : ४०

समय : ३ घण्टा

---

(विद्यार्थीले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हु-बहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढंगमा आफ्नो कुरा अभिव्यक्त गरी सिर्जनात्मक उत्तर दिने गर्नुपर्दछ र अंक दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइनेछ ।)

१. क. तल दिइएका वर्णहरूलाई उच्चारण स्थान र प्राणत्वका आधारमा चिनाउनुहोस् । ५

घ्, ङ, च्, व्, ह्

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् ।

रोगी, सम्पूर्ण, नगरपालिका, अस्पताल ४

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ५

राम विहानै उठेर लुगालगाइ साथीको घर गयो । घरमा साथी थिएन । उसले साथीको बुबालाई सोध्यो, आज ऊ खास कहाँ गएको हो ? बुबाले केहि समयमा आउँछ भने पछि ऊ त्यही विस्वस्त भयर बस्यो ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । ३

यो कुराको **यादले** **नै** **मेरो** मन **एक्कासि** काँपेर आउँथ्यो **र** म तत्काल आमाको छातीमा लिसिक्क टाँसिन जान्थेँ । आमा किताबबाट आँखा उठाएर अनौठो दृष्टिले म**तिर** हेर्नुहुन्थ्यो ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् । २

कर्म गर्ने हातहरूले आराम पाउनुहुन्न । भोजनमा रस पाउने र जीवनमा मधुर मुस्कान छर्ने हो भने कर्मशील नै बन्नुपर्छ । डायरीका पाना पल्टाउने हो भने जीवनमा कहिल्यै खुसी नै खुसीको पाना भरिएको छैन । जीवनको चौतारामा थकाइ मार्ने नै हो भने तुफानजस्तो यात्रा किन अगाडि बढाउनुपर्‍यो ?

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । ३× २=६

क. तलका उपसर्ग र प्रत्यय प्रयोग गरी एक-एक वटा शब्दहरू बनाउनुहोस् ।

उपसर्गः- अनु, प्र, उप

प्रत्ययः- ई, उवा, इलो

ख. तलको अनुच्छेदबाट ६ वटा समास भएका शब्द टिपी बिग्रह गर्नुहोस् ।

भाइमाराहरू तथा बुद्धिहीन नराधमहरू आ-आफ्नो सुखशान्ति प्रातिका लागि आराम कुर्सीमा बसी देहहितका कुरा गर्न पनि पछि पर्दैनन् । यो चाला गाइजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसको अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न हुन्छ । देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजमा निर्लज्ज र दुईजिब्रे चरित्रका मानिसलाई कानुन बमोजिम नङ्ग्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आम जनताले सन्तोषको सास फेर्दथे ।

ग. तलको अनुच्छेदबाट ६ वटा द्वित्व शब्दहरू टिपी दोहोरिएको अंश छुट्याउनुहोस् :

हिजो हामी भिडभाडमा परेको बेला भागाभाग भयो । वातावरण पनि उकुसमुकुस भएकाले ठाउँठाउँमा आ-आफ्ना साथीहरूलाई तानतान गरेर बचाउन सबै लागिपरेका थिए । हामी सबै सँगसँगै भाग्न नपाए पनि आलोपालो गरी कोही रोडैरोड त कोही गल्लीको बाटो भएर घरतर्फ लागेका थियौँ ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क. आवश्यक सुधारसहित तलको अनुच्छेद पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्गमा भए पुलिङ्गमा पुनर्लेखन गर्नुहोस् ।

ऊ दैलेखमा जन्मेकी हो । उसले नेपाली विषय अध्ययन गरेकी हो । उसले एमए परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेकी हो । ऊ क्याम्पसमा प्राध्यापन गर्न आइन । उसकी पुरुष साथी छ ।

ख. तलको अनुच्छेदमा प्रयुक्त सबै क्रियापदलाई पूर्ण भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् ।

तँ लुम्बिनी जान्छस् । तँलाई त्यो ठाउँ राम्रो लाग्छ । तँ त्यहाँ पुराना साथी भेट्छस् । साथीहरूले तँलाई उपहार दिन्छन् । ती उपहार लिएर तँ घर फर्कन्छस् ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ६

क. तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् ।

मेरो काकाको छोरा काठमाडौं बस्छे । ऊ कलेजमा पढ्छिन् । उहाँ मेहनती छन् । उसकी भाइ पनि त्यही सँगै बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ । उनीहरूलाई सबैले राम्रा मान्छन् ।

ख. पढ्छु, जान्नँ, सुत्छु, उठ्छु, पकाउछु, दिन्छु, जस्ता क्रियापदको प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् ।

८. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

गौतम बुद्ध लुम्बिनीमा जन्मिए । उनले भारतको बोधगयामा ज्ञान प्राप्त गरे । गौतम बुद्ध एसियाका तारा हुन् । उनी विश्वमै शान्तिका दूतका रूपमा परिचित छन् ।

९. तलको अनुच्छेद पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् : १०

अबको संस्कृति पाप, पुण्य, नरक, स्वर्ग आदिका आधारमा निर्धारित हुँदैन । आजको समाज वैज्ञानिक चिन्तनतर्फ उन्मुख हुँदै गइरहेको छ । भौतिकतालाई पूर्ण अवलम्बन गर्दै बाचुन्जेल रमाइलो गर, मोज गर जस्ता नयाँ जीवन शैलीका अध्यायहरू थपिएका छन् । अब पापको हाउगुजीमा मात्र संस्कृति बाँच्दैन । अब विज्ञानको सपेक्षतामा मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जनका रूपमा संस्कृतिलाई ग्रहण गरिन्छ । अहिले विज्ञानको सापेक्षतामा जीवनको व्याख्या हुन्छ । जीवन भनेकै मनोरञ्जन र उल्लासमय वातावरणमा तैरिनु हो । विज्ञान सत्य र तथ्यमा आधारित छ र यसले प्रामाणिकतामा विश्वास गर्छ । कुनै कुराको अवलोकन, जाँच र पारखका आधारमा मात्र सत्य नजिक पुगिन्छ भन्ने मान्यता विज्ञानको छ । अबको संस्कृति विज्ञानभन्दा पर रहन सक्तैन । हिजो हामीले संस्कृति, संस्कार र परम्पराका रूपमा मानेका कतिपय कुरा आज अन्धविश्वासमा परिणत भएका छन् । त्यसको सर्वत्र विरोध पनि भइरहेको छ । साँच्चै नै केही चाहिँ परिष्कृत तथा परिमार्जन गर्नै पर्ने हो कि भन्ने चारैतिरबाट कुरा आइरहेको छ । त्यसैले अबको संस्कृति अनुमान र अन्धविश्वासमा होइन, मानव हितका लागि र विज्ञानसम्मत हुन आवश्यक छ ।

**प्रश्नहरू :**

(क) अहिले संस्कृतिलाई कुन रूपमा ग्रहण गरिन्छ ?

(ख) विज्ञानको मान्यता के हो ?

(ग) कस्ता कुरा अन्धविश्वास बनेका छन् ?

(घ) के कुरा परिष्कृत तथा परिमार्जन गर्नुपर्ने देखिन्छ ?

(ङ) 'अन्धविश्वास' र 'उल्लासमय' शब्दको अर्थ लेख्नुहोस् ?

१०) तलको अनुच्छेद पढी मुख्य-मुख्य पाँच बुँदा टिपोट गर्नुहोस् : ५

भाग्य जीवनरूपी रथको सारथि हो । सारथिले जताजता लग्छ, रथ त्यतैतिर गए जस्तै भाग्यले मानिसलाई जता डोहोऱ्याउँछ मानिसले त्यतै जानुपर्छ, यो शाश्वत् सत्य हो । भाग्य जीवनको छाया हो । कसैले पनि आफ्नो छायालाई चाहेर पनि छोड्न सक्तैन । जीवनको अन्त्यसँगै भाग्यको पनि अन्त्य हुन्छ । भाग्य जीवनको रश्मि हो, कान्ति हो । यो जीवनरूपी वृक्षको जरा हो, जीवनरूपी फूलको सुगन्ध हो । मानिसको मूल्य र महत्ता उसको भाग्यमा आधारित हुन्छ । सामाजिक प्रतिष्ठा, वैभव र मर्यादा पनि भाग्यकै देन हुन् । पसिना बगाउँदैमा, परिश्रम गर्दैमा सबै सम्पन्नताको शिखरमा पुग्छन्, उनीहरूको जीवन वसन्तमय हुन्छ भन्ने धारणा राख्नु 'साउनमा आँखा फुटेको गारुले सधैँ हरियो देख्छ' भन्नु जस्तै हो । जसको परिस्थिति प्रतिकूल छ त्यसले जतिसुकै परिश्रम गरे पनि सफलता पाउन सक्तैन । परिस्थिति भन्नु नै अर्को अर्थमा भाग्य हो । अनुकूल परिस्थिति सौभाग्य हो भने प्रतिकूल परिस्थिति दुर्भाग्य हो । यो वास्तविक हो कि संसारमा कसैले पनि आफ्ना सम्पूर्ण इच्छा वा मनोरथ पूरा गर्न सक्तैनन् ।

११) पढाइ छाडी विदेशी भूमिमा मजदुरीका लागि गएको साथीलाई जन्मभूमिको महत्त्व बताउँदै स्वदेश फर्केर व्यापार व्यवसाय गर्न सल्लाह दिई चिठी लेख्नुहोस् । ५

१२) 'नेपालमा जलस्रोतको उपयोग' शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । ५

१३) निम्नमध्ये एक शीर्षकमा २५० शब्द नघटाई निबन्ध लेख्नुहोस् : १०

क) मैले पढेको पुस्तक ख) राष्ट्रियताको पहिचान

ग) विज्ञान र प्रविधि

१४) तलका प्रश्नहरूको उत्तर दिनुहोस् : १५

क) तलको कवितांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

**प्रश्नहरू**

क) तराईलाई किन सुनको टुक्रा र हिमाललाई हिरा किन भनिएको हो ?

ख) धर्तीका छोरा भनेर कसलाई भनिएको हो ?

ग) माटो र पानी कसरी पहिलो धन हुन सक्छ ?

घ) 'ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे' भन्नुको आशय के हो ?

ङ) यस गीति अंशको मुख्य भाव के हो ?

ख) तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

के रुपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेक मजुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति साह्रो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ । धनजितेका झैं चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।'

प्रश्नहरू :

अ) माथिको भनाइ कसले कसलाई भनेको हो ?

आ) छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' किन भनिएको हो ?

इ) माथिको अनुच्छेदमा छिमेकीमा हुनुपर्ने केकस्ता गुणहरू देखाइएका छन् ?

ई) माथिको भनाइ कुन सन्दर्भमा आएको हो ?

उ) 'पैसाको निम्ति आत्मा बेच्ने त्यति साह्रो नीच भएको छैन' भन्नाको खास तात्पर्य के हो ?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाणपत्र सधैं उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा ऊत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौंको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर, एउटा सौन्दर्य बर्धक कोठी र अत्तरको हरहराउँदो खुस्बुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनुपर्दछ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

प्रश्नहरू :

अ) 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको तात्पर्य के हो ?

आ) उपर्युक्त निबन्धांशमा कस्तो प्रकारको भलादमी चिनाइएको छ ?

इ) भलादमीको विशिष्टता के कुराबाट थाहा पाइन्छ ?

ई) निबन्धकारले कस्तालाई उत्तम श्रेणीको भलादमी मानेका छन् ?

उ) यो निबन्धांशका मूल आशय के हो ?

१५) कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : १०

क) महिला र पुरुषबिच रहिआएको विभेद र असमानता अन्त्य गर्न के गर्नुपर्ला ? आफ्नो विचार राख्नुहोस् ।

ख) हर्कबहादुर कवितामा हर्कबहादुरले कस्ता नेपालीको प्रतिनिधित्व गरेको छ ? लेख्नुहोस् ।

ग) 'मधुमालतीको कथा' मा बालबालिकाका केकस्ता सामाजिक र मनोवैज्ञानिक समस्याहरू देखाउन खोजिएको छ ?

"समाप्त"

[REF]

# ह्वाइटफिल्ड इण्टरनेशनल कजेज

नयाँबजार, टाउनप्लानिङ, काठमाडौं

कक्षा : १२ — पूर्णाङ्क: १००

विषय : नेपाली (विज्ञान संकाय) — उत्तीर्णाङ्क: ४०

समय: ३ घण्टा

---

सबै प्रश्नको उत्तर दिनुहोस् ।

१. तल दिइएका वर्णहरुलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनु होस् । ५

क्, स्, ल्, फ्, थ् ।

अथवा

तल दिइएका शब्दहरुको अक्षर संरचना र संख्या समेत देखाउनु होस् ।

कन्यादान, स्त्री, अन्याय, मूला, कृति ।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ५

गूमाने ले जान्ने वसायो । गाउका सारा मानीस जम्मा भय । तरे करेसो जोडिएको धनजिते आएनन् । जान्नेले पनी देवीको दोस देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गऱ्यो ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरुको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । ३

मुरली त्यसै छेउमा मिल्कि रहन्थ्यो तर उठाएर त्यसमा प्राण भर्ने इच्छा हुँदैनथ्यो । गौरी आइन । मुरलीको स्वरले पनि ऊ आइन ।

४. तलको अनुच्छेदबाट दुई-दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी टिपोट गर्नुहोस् । २

एक किलो मासु उत्पादन गर्न दस किलो शाकाहारी भोजन खपत हुन्छ, अर्थात एक धनी मांसहारी मान्छेले सागपात, दुध दही, घिउ जस्ता खानेकुरामा मात्र निर्भर दस जना शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ?

५. क) तलको अनुच्छेदबाट ३ वटा उपसर्ग व्युत्पन्न शब्द र ३ वटा प्रत्यय व्युत्पन्न शब्द पनि छुट्याउनु होस् र उपसर्ग र प्रत्यय पनि छुट्याउनु होस् ।

आफ्ना आदरणीय मानिससँग सधैं आत्मीय व्यवहार गर्नु पर्छ । सुमार्गमा लाग्ने मानिस कर्तव्यबाट विमुख हुँदैनन् । धैर्य धारण गर्दै अगाडि बढ्छन् । बेमतलबका कुरा र अविश्वासका कुरामा पछाडि लाग्दैनन् । ३

ख) तलको अनुच्छेदबाट ३ वटा समस्त शब्द र ३ वटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दको दोहोरिएको अंश छुट्याउनु होस् ।

भाइमाराहरु आ-आफ्नो सुख प्रातिका लागि आराम कुर्सीमा बसी देहहितका कुरा गर्न पनि पछि पर्दैनन् । घरघरमा रहेको बुद्विसुद्वि नभएका मानिसलाई समाज बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घरजम उजाडियो । यो चाला गाईजात्रासाइजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसका अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न हुन्छ । देशभक्त नेपाली दाजुभाइले आपसमा मिलेर समाजमा निर्लज्ज र दुईजिब्रे चरित्रका मानिसलाई कानुन बमोजिम नङ्ग्याएर चौबाटोमा उभ्याउन सक्ने हो भने आम जनताले सन्तोषको सास फेर्दथे । ३

६. क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा आवश्यक सुधार सहित परिवर्तन गर्नुहोस् । ६

ऊ ज्ञानी केटी हो । जसले असल काम गरेको छ । ऊ साथीहरुसँगै राम्रो व्यवहार गर्छ । ऊ साथीहरुलाई सम्मान गर्छ । उसका थुप्रै केटी साथीहरु छन् । केटी साथी भनेपछि ऊ हुरुक्क हुन्छ ।

७. क) तलको अनुच्छेदमा भएका वाक्यहरुलाई आवश्यक परिवर्तत सहित करण र अकरणमा परिवर्तत गर्नुहोस् । ४

आर्जव, तोयाराज, बाबुराम र सुदिना एउटै कक्षामा पढ्थे । उनीहरु सधैं कलेज जान्थे । आर्जव ज्यादै मिलनसार थियो । तोयाराज अति चकचक गऱ्थ्यो । सुदिना कहिल्यै गृहकार्य गर्दिनथी । गुरुले सुदिनालाई सधैं सम्झाउनु पर्थ्यो । बाबुराम कक्षामा पटक्कै हल्ला गर्दैनथ्यो । गुरु बाबुरामलाई कहिल्यै गाली गर्नु हुदैनथ्यो ।

ख) तलको वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् । ४

शंकर गौरीको घरमा खेल्न गयो । शंकरले त्यहाँ गौरीको खेलौना घोडा देख्यो । आफ्ना बाबुआमासँग उसले घोडा किनीमाग्यो । घोडा लिएर ऊ गौरीको घरमा गयो।

८. तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । १०

आकाशमा प्रकाशमान सूर्यादि ग्रह, नक्षत्रहरुको अध्ययन गर्ने शास्त्रलाई नै ज्यातिष शास्त्र भनिन्छ । ज्योतिषको मूल स्रोत वेद हो । वेदका षडङ्गहरु शिक्षा, कल्प, व्याकरण, छन्द, ज्योतिष र निरुक्त मध्ये ज्योतिष नेत्र मानिन्छ । सिद्वान्त, संहिता ज्योतिष र फलित ज्योतिष गरी ज्योतिष तीन किसिमका छन् । सिद्धान्त ज्योतिषलाई गणित ज्योतिष पनि भनिन्छ । यसले पञ्चाङ्गको निर्णय साथै सूयादि ग्रहको राशी भ्रमण, कक्ष प्रमाण अक्षांश, देशान्तर, अयनाश ग्रहण आदि विषयको अध्ययन गर्दछ । समग्रमा सम्पूर्ण खगोल सम्बन्धी अध्ययन गर्ने शास्त्र नै सिद्वान्त ज्योतिष हो ।

ज्योतिषमा तीनवटै शाखाहरुलाई समावेश गरी विस्तृत रुपमा एउटै ग्रन्थमा व्याख्या विवेचना गरिएपछि संहिता ज्योतिष बन्दछ । यसलाई केही पाश्चात्य विद्वानहरुले लक्ष्मण ज्योतिष पनि भनेका छन् । संहिता ज्योतिषमा विशेष गरेर प्राकृतिक लक्षण सम्बन्धी विषयहरुको अध्ययन गरिन्छ । सामान्यतः संहिता ज्योतिषमा ग्रहहरुको भ्रमण, प्रकृति, विकृति, प्रमाण, वण, किरण, उदयास्त, मार्ग वक्र, युद्ध, समागम आदि विषयका आधारमा पुल विवेचन गरिन्छ । त्यस्तै वर्षा सम्बन्धी विचार, परिवेश, उल्का दिउदाह भूकम्प आदि विषयहरुको विचार, वास्तु विद्या सम्बन्धी विचार प्रतिभा लक्षण, देव प्रतिष्ठान वृक्षानुर्वेद आदि विषयको विचार भूमि जल सम्बन्धी ज्ञान गर्ने प्रविधि विभिन्न उत्पातका लक्षणहरु सहित फल, पशुपंक्षीहरुको शुभाशुभ लक्षण तथा फल; स्त्री-पुरुष शुभाशुभ लक्षण, रत्नहरुको परीक्षण गर्ने प्रविधि, शुभ सकुन विचार आदि विषयहरुको विस्तृत विवेचना यसमा गरिएको हुन्छ ।

मानव जीवनमा जन्मदेखि मृत्युपर्यन्त कहिले के हुन्छ भन्ने कुरको रहस्योद्घाटन गर्ने ज्योतिषीय ग्रन्थलाई फलित ज्योतिष भनिन्छ । कतैकतै यसलाई जातक शपत्र पनि भनेको पाइन्छ । लग्नका आधारमा ग्रन्थहरुका स्थिति अनुसार शुभाशुभ भलको निर्णय पनि यसले गर्दछ । फलित ज्योतिषका विभिन्न शाखाहरु छन् जस अन्तर्गत हस्तरेखा र शारीरिक लक्षण सम्बन्धी अध्ययन गर्ने सामूहिक शास्त्र लग्नका आधारमा फलादिश गर्ने जातक शास्त्र वर्ष प्रवेशका आधारमा सम्पूर्ण वर्षभरिको शुभाशुभ फलहेर्ने ताजिक शास्त्र, विभिन्न प्रश्नहरुको तत्काल उत्तर दिने प्रश्नशास्त्र आदि विषयहरु पुलित ज्योतिष अन्तर्गत पर्दछन् ।

प्रश्नहरु

क) ज्योतिषले के गर्दछ ?

ख) वेदका कति वटा अङ्ग छन् ? ती के-के हुन् ?

ग) मान्छेको भविष्यवाणी गर्ने ज्यातिषलाई के भनिन्छ ?

घ) संहिता ज्यातिष भनेको के हो ?

ङ) 'प्रभाव' र 'खगोल' शब्दको अर्थ लेख्नुहोस् ।

९) तलको अनुच्छेद पढी मुख्य-मुख्य ५ बुँदा टिपोट गर्नुहोस् । ५

आदिम मनुष्य बोल्न जान्दैनथे । पुरा पाषाणयुगी, मानिसहरुका चित्र पाइएका छन् । उनीहरुले बोलचाल गरेको र अक्षर लेखेको लक्षण पाइउको छैन । पहिले ती सानसानैले कुरा गर्दा हुन् । सानभाष स्वर भाषाभन्दा सार्वभोम छ । आर्यहरु, हब्सीहरु, चिनियाँहरु आ, जा, नगर, आ, हो, होइन इत्यादिमा सान भाष प्रायः एकै रीतले प्रयोग गर्दछन् । स्वर भाषामा महादिप जत्रै उनमा अन्तर छ । पहिले पहिले ती भिन्न भिन्न सुरले रागात्मक रुपमा कराई अनुकरण शब्दहरुद्वारा भाव प्रकट गर्दा हुन । नियमित आकास्मिकताले बोल्ने स्वरतली मानिस, सुगा र मैनाले पाएका छन् । सुगा र मैनाका गिदी चरामध्येमा पनि ज्यादै कम छ । बाँदर र कुकुरले सुगा र मैनाका स्वरनली पाएका भए उनीहरु मानिससित केही बात मार्न सक्ता हुन् । बोलिसित बुद्विको कति सम्बन्ध छ - बोल्न नसक्नेहरु लाटा नै हुन्छन् । अहिले चिची पनि पापा पनि भने भैं गिदी पनि स्वर पनि अथवा भाव पनि भाष पनि विशेष मात्रामा पाउनाले मानिस चक्रवर्ती भएको छ ।

१०) ‘राष्ट्र निर्माणमा युवाको भूमिका’ शीर्षकमा १५० वटा शब्द सम्मको एउटा अनुच्छेद लेख्नुहोस् ।५

११) आउँदै गरेको बडा दशैंमा घर आउने तर त्यतिबेला सम्मको पढाइ खर्च माग्दै बाबुलाई पत्र लेख्नुहोस् । ५

१२) कुनै एक शीर्षकमा ३०० शब्दमा नघटाइ निबन्ध लेख्नुहोस् । १०

क) नेपालमा बढ्दो बेरोजगारी समस्या

ख) प्राकृतिक र सांस्कृतिक विविधताले युक्त देश नेपाल

ग) आफूले पढ्दै गरेको कलेज

१३) तलका प्रश्नको उत्तर दिनुहोस् । १५

क) तल दिइएको कविताांश पढी अन्त्यमा सोधिएका प्रश्नको एक-दुई वाक्यमा उत्तर दिनुहोस् ।

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्भ्यालै नरहे !
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे !

प्रश्नहरु

क) हाम्रो देशको तराई खण्डलाई किन सुनको टुक्रा भनिएको हो?

ख) हिमाललाई किन हिरासंग तुलना गरिएको छ ।

ग) ‘धर्तीका छोरा’ भनेर कसलई संकेत गरिएको छ?

घ) माटो र पानी धर्तीका छोरालाई कसरी पहिलो धन हुन्छ?

ङ) यहाँ सैभ्याल भन्नाले के बुझिन्छ ?

ख) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गो भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरु

क) यो कुराको भनाइ के हो?

ख) झगडाको कारण के देखिन्छ?

ग) यो भनाइ को संग भनिएको हो?

घ) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुँदैन?

ङ) ‘अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौं’ भन्नको तात्पर्य के हो?

ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबै जसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हाँस्याउनेहरु साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरु नै हुन् ।

प्रश्नहरु

क) ‘नारीलाई नरकको मूल ढोका नठान्ने’ भन्नुको तात्पर्य के हो ?

ख) आधुनिक युवाहरुमा स्त्री-पुरुषका विचारमा कस्तो दृष्टिकोण रहेको छ ?

ग) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्वीर प्रस्तुत भएको छ ?

घ) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

ङ) ‘हक’ र ‘हौस्याउने’ शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

१४) ‘हर्क बहादुर’ कविताका आधारमा हर्क बहादुर विवशताहरुको सूची बनाउनु होस् । ५

१५) ‘चरित्रका भलादमी, अतीतका अँध्यारा कोठरीमा छन्, रङ्ग र रेशमका भलादमी काठमाडौंका गल्लीमा खुसबुँ उडाइरहेछन्’ यस भनाइबारे आफ्नो प्रतिक्रिया लेख्नुहोस् । ५

१६) लोककथामा मधुकर र मालतीको त मिलन भयो तर, ‘मधुमालतीको कथा’ मा शंकर र गौरीको चाहिँ किन विछोड भएको होला ? ५

“समाप्त”